# बुढानीलकण्ठ नगरपालिका
# सांस्कृतिक प्रतिष्ठान ऐन, २०८०
# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ६ मिति : २०८०।९।२४

भाग-१

**प्रस्तावना :** नेपालका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा राष्ट्रिय महत्वका दृष्टिले विशिष्ट पहिचान बनाउँदै आएको काठमाडौं उपत्यकाभित्रको उत्तरी शिवपुरीको काखमा अवस्थित बुढानीलकण्ठ नगरपालिकाअन्तर्गतका भौतिक तथा अभौतिक संस्कृति, भाषा-साहित्य, सम्पदा, दर्शन, ललितकला, नाट्यकला, सङ्गीत, फोटोग्राफीकला प्राकृतिक तथा वातावरणीय सन्दर्भहरूको सघन किसिमबाट अध्ययन-अनुसन्धानसहित संरक्षण तथा संवर्धन गर्न; परापूर्वकालदेखि मनाइँदै आएका रीतिरिवाज, जात्रा, चाडपर्व आदिलाई निरन्तरता दिन; सामाजिक सहिष्णुता र सद्भावमा आधारित भई रचनात्मक किसिमबाट परिचालनसम्बन्धी कार्य गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको अनुसूची ८ को क्रम सङ्ख्या २२ मा उल्लिखित विषयमा नेपालको संविधानको धारा २२६ (१) को अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको तेह्रौं नगरसभाले यो ऐन तर्जुमा गरी स्वीकृत गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम 'बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान ऐन, २०८०' रहनेछ ।

(२) यो ऐन नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

(३) यस ऐनको कार्यक्षेत्र बुढानीलकण्ठ नगरपालिकाभित्र रहनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(१) 'उपकुलपति' भन्नाले दफा १२ (३) बमोजिम बुढानीलकण्ठ नगरपालिकाले मनोनयन गरेको बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठानको उपकुलपति सम्झनुपर्छ ।

(२) 'कुलपति' भन्नाले दफा १० (२) बमोजिम बुढानीलकण्ठ नगरपालिकाले मनोनयन गरेको बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठानको कुलपति सम्झनुपर्छ ।

(३) 'नाट्यकला' भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनुपर्छ ।

(४) 'नगरपालिका' भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(५) 'नगरसभा' भन्नाले बुढानीलकण्ठ नगरपालिकाको सभा सम्झनुपर्छ ।

(६) 'तोकिएको' वा 'तोकिएबमोजिम' भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(७) 'पदाधिकारी' भन्नाले कुलपति, उपकुलपति, प्राज्ञपरिषद् सदस्य र सदस्य-सचिव सम्झनुपर्छ ।

(८) 'प्रमुख संरक्षक' भन्नाले दफा १५ बमोजिम बुढानीलकण्ठ नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(९) 'प्राज्ञपरिषद्' भन्नाले दफा १० बमोजिम गठित प्राज्ञपरिषद् सम्झनुपर्छ ।

(१०) 'प्राज्ञपरिषद् सदस्य' भन्नाले दफा १२ (३) बमोजिम मनोनयन गरिएको बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठानको प्राज्ञपरिषद् सदस्य सम्झनुपर्छ ।

(११) 'प्राज्ञसभा' भन्नाले दफा ७ बमोजिम गठित प्राज्ञसभा सम्झनुपर्छ ।

(१२) 'प्राज्ञसभा सदस्य' भन्नाले दफा १२ (३) बमोजिम मनोनयन गरिएको बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठानको प्राज्ञसभा सदस्य सम्झनुपर्छ ।

(१३) 'ललितकला' भन्नाले वास्तुकला, चित्रकला, मूर्तिकला, हस्तकला, शिल्पकला र फोटोग्राफीकला सम्झनुपर्छ ।

(१४) 'विभाग' भन्नाले सांस्कृतिक प्रतिष्ठानले गठन गरेको विभाग सम्झनुपर्छ ।

(१५) 'सङ्गीत' भन्नाले नृत्य, गीत र वाद्यवादन सम्झनुपर्छ ।

(१६) 'सचिवालय' भन्नाले सांस्कृतिक प्रतिष्ठानको सचिवालय सम्झनुपर्छ ।

(१७) 'सदस्य-सचिव' भन्नाले बुढानीलकण्ठ नगरपालिकाद्वारा सांस्कृतिक प्रतिष्ठानको सदस्य-सचिवको कामकाजका लागि तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(१८) 'सांस्कृतिक प्रतिष्ठान' भन्नाले दफा ३ बमोजिम गठन भएको बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान सम्झनुपर्छ ।

(१९) 'संस्कृति' भन्नाले मानवनिर्मित कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न अभौतिक तथा भौतिक विषय वा मूल्यपरम्पराको समष्टि रूप सम्झनुपर्छ ।

(२०) 'साहित्य' भन्नाले जीवनजगत्का विषयमा केन्द्रित भई लेखिएका कलात्मक अभिव्यक्तिमा आधारित वाङ्मय सम्झनुपर्छ ।

(२१) 'सहसंरक्षक' भन्नाले दफा १५ बमोजिम बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

## परिच्छेद २

## सांस्कृतिक प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

### ३. सांस्कृतिक प्रतिष्ठानको स्थापना :

(१) बुढानीलकण्ठ नगरपालिकाभित्र रहेका सम्पूर्ण भौतिक तथा अभौतिक संस्कृति, साहित्य, भाषा, दर्शन, ललितकला, नाट्यकला, फोटोग्राफीकला, सङ्गीत, सम्पदा, प्राकृतिक तथा वातावरणीय सन्दर्भहरूको सघन किसिमबाट अध्ययन-अनुसन्धानसहित तत् तत् विषयको संरक्षण तथा संवर्धन गर्न; परापूर्वकालदेखि मनाइँदै आएका रीतिरिवाज, जात्रा, चाडपर्व आदिलाई निरन्तरता दिन एवम् प्रचलित कानुनविरुद्धका कुरीति तथा कुसंस्कार

आदिलाई निषेध गर्दै सामाजिक परिचालनसम्बन्धी कार्य गर्नका लागि 'बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान' नामको एक सांस्कृतिक प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

(२) सांस्कृतिक प्रतिष्ठानको कार्यालय नगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

**४. सांस्कृतिक प्रतिष्ठान स्वायत्त र अधिकार सम्पन्न हुने :**

(१) सांस्कृतिक प्रतिष्ठान नगरसभाबाट पारित ऐन, नीति र बजेटको सीमाभित्र रही प्राज्ञसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने एक स्वायत्त र अधिकारसम्पन्न प्रतिष्ठानका रूपमा रहनेछ ।

(२) प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीकचिन्ह (लोगो) हुनेछ ।

(३) प्रतिष्ठानले प्रचलित कानुनबमोजिम व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न सक्नेछ तर अचल सम्पत्ति बेचबिखन गर्दा बुढानीलकण्ठ नगरपालिकामार्फत नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(४) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्तिसरह करार गर्न, करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

(६) प्रतिष्ठानले आफ्नो उद्देश्य परिपूर्तिका लागि आवश्यक भौतिक पूर्वाधार तथा स्रोत साधनको व्यवस्था गर्न सक्नेछ ।

**५. सांस्कृतिक प्रतिष्ठानका काम, कर्तव्य र अधिकार** : सांस्कृतिक प्रतिष्ठानका काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :

(क) सांस्कृतिक प्रतिष्ठानको नीति योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ख) नगरपालिकाभित्र रहेका सबै भौतिक तथा अभौतिक संस्कृति, साहित्य, भाषा, दर्शन, सम्पदा, ललितकला, नाट्यकला, फोटोग्राफीकला, सङ्गीत, प्राकृतिक तथा वातावरणीय विषय क्षेत्रहरूको अध्ययन, अनुसन्धान, संरक्षण एवम् सम्वर्द्धनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने र सो सम्बन्धी आवश्यक पुस्तक, पत्रपत्रिका तथा अनुवाद ग्रन्थ आदि प्रकाशन गर्ने ।

(ग) श्रव्यदृश्य सामग्रीहरूको उत्पादन र वितरण गर्ने, गराउने ।

(घ) नगरपालिकास्तरीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने, गराउने ।

(ङ) शोध, अनुसन्धान वा अन्वेषण गर्न आवश्यक शोधवृत्तिको व्यवस्था गर्ने, गराउने ।

(च) परम्परादेखि प्रचलनमा रहँदै आएका विभिन्न मौलिक जात्रा, उत्सव, चाडपर्व, गुठी र संस्कारहरूलाई निरन्तर रूपमा सञ्चालनका लागि सहयोगात्मक भूमिका निर्वाह गर्ने,

(छ) प्राकृतिक परिवेशको संरक्षण हुने किसिमबाट पर्यटन संस्कृतिको विकासका लागि आवश्यक पहल गर्ने,

(ज) लोकसाहित्य, लोकसङ्गीत, लोकनृत्य, लोकवार्ताजस्ता विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धान तथा प्रकाशन गरी डिजिटल अभिलेख राख्ने ।

(झ) पुस्तकालयहरूको स्थापना र प्रवर्द्धनसँगै पठनमैत्री परिवेशको सिर्जनाका लागि आवश्यक पहल गर्ने,

(ञ) नगरमा प्रकाशित साहित्यिक, सांस्कृतिक तथा पर्यावरणमैत्री पत्रपत्रिकाहरूको निरन्तरताका लागि प्रोत्साहन गर्ने,

(ट) नगरभित्रका लोपोन्मुख लिपि, भाषा, संस्कृति, साहित्य, स्थानीय मौलिक कला र सामाजिक पहिचानको संरक्षण र संवर्धनका लागि भूमिका निर्वाह गर्ने,

(ठ) नगरभित्र रहेका साहित्यिक संस्थाहरूको अनुगमन र मूल्याङ्कनका लागि नियामक भूमिका निर्वाह गर्दै आवश्यक सहयोग तथा सहकार्यका लागि वातावरण सिर्जना गर्ने,

(ड) अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय निकाय एवम् नेपाल प्रज्ञा-प्रतिष्ठान, नाट्य कला-प्रतिष्ठान, ललितकलालगायत सरोकारवाला संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने,

(ढ) संस्कृति, भाषा, साहित्य, कला तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि साधना गर्दै योगदान पुऱ्याउने विशिष्ट व्यक्ति, समूह वा संस्थाहरूको अभिलेखीकरण गरी यथासमयमा पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने,

(ण) स्वदेशी तथा विदेशी निकायबाट प्राप्त कृति, वस्तु, रकम र समुचित उपहार ग्रहण गर्ने,

(त) नगर क्षेत्रभित्र बसोबास गर्ने विभिन्न जात, जाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने किसिमका प्रदर्शनी कक्ष र सङ्ग्रहालय निर्माणका लागि पहल तथा प्रोत्साहन गर्ने, गराउने ।

(थ) नगरसभाले पारित गरेका संस्कृति, भाषा, साहित्य, कला, दर्शन, सङ्गीत तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र संवर्धन गर्ने ।

## परिच्छेद ३
## सांस्कृतिक प्रतिष्ठानको संरचना

**६. प्रतिष्ठानको संरचना :** प्रतिष्ठानको संरचना देहायबमोजिम हुनेछ

(क) प्राज्ञसभा

(ख) प्राज्ञपरिषद्

**७. प्राज्ञसभा :**

(१) सांस्कृतिक प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञसभा रहनेछ ।

(२) प्राज्ञसभाको गठन देहाय बमोजिम हुनेछ :

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सम्बन्धित विधाक्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट दुई जना महिलासहित दफा १२ (उपदफा २ र ३) बमोजिम तोकिएका आठ जना - सदस्य

(घ) नगरपालिकाका जनप्रतिनिधिमध्येबाट कार्यपालिकाले तोकेमा एक महिला सहित दुई जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ख) का पदहरू सोही उपदफाको खण्ड (ग) बमोजिम मनोनीत सदस्यहरूबाट प्रमुखले तोकेबमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(५) कुनै कारणले प्राज्ञसभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ ।

(६) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूले पाउने बैठक भत्तालगायतका अन्य सेवा सुविधाहरू तोकिएबमोजिम हुनेछ ।

(७) उपदफा (१) बमोजिमको समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**८. प्राज्ञसभाको काम, कर्तव्य र अधिकार :** प्राज्ञसभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सांस्कृतिक प्रतिष्ठानको नीति निर्धारण गर्ने ।

(ख) सांस्कृतिक प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) सांस्कृतिक प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

(घ) सांस्कृतिक प्रतिष्ठानले गरेका रचनात्मक कार्यहरूको अनुमोदन गर्ने ।

(ङ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(च) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने ।

(छ) परिषद्का कामको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ज) सांस्कृतिक प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने ।

(झ) तोकिएबमोजिमका काम गर्ने ।

**९. प्राज्ञसभाको बैठक :**

(क) प्राज्ञ सभाको बैठक सामान्यतः वर्षको दुईपटक बस्नेछ । बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूचीसहितको विवरण सम्पूर्ण सदस्यहरूलाई कम्तीमा सात दिनअगाडि नै दिनुपर्नेछ ।

(ख) सभामा तत्काल कायमा रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ग) सभाको बैठकको अध्यक्षता कुलपतिले र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नुपर्नेछ ।

(घ) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) सभाको बैठकको निर्णय सभाको कुलपति र सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(च) सभाको बैठकसम्बन्धी अन्य कार्यविधि प्राज्ञसभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. प्राज्ञपरिषद्को गठन :**

(१) सांस्कृतिक प्रतिष्ठानको प्राज्ञसभाबाट स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकारसम्पन्न कार्यकारी निकायको सात सदस्यीय प्राज्ञपरिषद् रहनेछ ।

(२) परिषद्को गठन र स्वरूप देहायबमोजिम हुनेछ :

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) प्राज्ञसभा सदस्यहरूमध्येबाट कम्तीमा एक जना महिलासहित चार जना- सदस्य

(घ) नगरपालिकाद्वारा तोकिएको कर्मचारी - सदस्य-सचिव

(३) कुनै कारणले उपदफा २ बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनय भएको हो सोही विधा/क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनय गरिनेछ ।

(४) कुलपति परिषद्को कार्यकारी प्रमुख हुनेछ ।

(५) परिषद्का सदस्य संयोजक रहने गरी कुलपतिले उपकुलपति तथा सदस्यहरूमध्येबाट कला-संस्कृति, भाषा-साहित्य, दर्शन-सम्पदा र सङ्गीत, प्रकृति-पर्यावरणलगायतका क्षेत्र हेर्ने गरी आवश्यक विभाग वा उपसमितिको गठन गर्न सक्नेछन् ।

(६) परिषद्को बैठक महिनाको एकपटक बस्नेछ ।

**११. प्राज्ञपरिषद्को काम, कर्तव्य र अधिकार :** प्राज्ञपरिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्राज्ञसभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(ख) प्राज्ञसभाले दिएको निर्देशन पालना गर्ने,

(ग) सदस्य-सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा रचनात्मक कार्यक्रमहरूका सम्बन्धमा छलफल तथा आवश्यकताअनुसार संशोधन गरी अनुमोदनका लागि प्राज्ञसभामा पेस गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनका लागि प्राज्ञसभामा पेस गर्ने,

(ङ) परिषद्को काम कारबाहीका सम्बन्धमा आवश्यकता अनुसार विभाग, समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो विभाग, समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने ।

(च) तोकिए बमोजिमका काम गर्ने ।

**१२. सिफारिस समिति :**

(१) सांस्कृतिक प्रतिष्ठानको कुलपति, उपकुलपति, मनोनीत हुने प्राज्ञसभा सदस्यहरू र प्राज्ञपरिषद्का सदस्यहरूको मनोनयनका लागि नगरपालिकासमक्ष सिफारिस गर्न उपप्रमुख वा नगरप्रमुखले तोकको कार्यपालिका सदस्यको संयोजकत्वमा एक एक जना प्रतिष्ठित संस्कृतिविद् तथा साहित्यकार सम्मिलित तीन सदस्यीय सिफारिस समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित सिफारिस समितिले नगरपालिका क्षेत्रभित्र रहेका संस्कृति, साहित्य, कला, धर्मदर्शन, सङ्गीत, पर्यावरण एवम् सामाजशास्त्रसम्बन्धी जुनसुकै विधामा भए पनि लामो समयदेखि क्रियाशील रहेका; सांस्कृतिक तथा प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका वा सम्बन्धित विषयमा प्राध्यापन गर्दै आएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म संस्कृति, भाषा-साहित्य, कला, सङ्गीत, दर्शन, पर्यावरण तथा समाजशास्त्रसम्बन्धी हरेक विधाबाट प्रतिनिधित्व हुने र जाति, लिङ्ग, क्षेत्र तथा भाषाभाषीसमेतलाई समेट्ने गरी कुलपतिका लागि तीन जना, उपकुलपतिका लागि दुई जना, प्राज्ञसभा र प्राज्ञपरिषद् सदस्यका लागि पन्ध्र जनाको नाम प्राथमिकता क्रममा तोकी नगरकार्यपालिकासमक्ष सिफारिस गर्नेछ ।

(३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरूमध्येबाट नगरकार्यपालिकाले एक जना कुलपति, एक जना उपकुलपति, एक जना सदस्य-सचिव र कम्तीमा एक जना महिलासहित चार प्राज्ञपरिषद् सदस्य तथा थप चार जना प्राज्ञसभा सदस्यको मनोनयन् गर्नेछ ।

## परिच्छेद ४

## प्रतिष्ठानको प्रमुख संरक्षक, सहसंरक्षक, कुलपति, उपकुलपति, प्राज्ञसभा सदस्य, प्राज्ञपरिषद् सदस्य सदस्य-सचिव तथा सचिवालय

**१३. प्रमुख संरक्षक :** सांस्कृतिक प्रतिष्ठानको प्रमुख संरक्षक नगरपालिकाका नगर प्रमुख हुनेछ ।

**१४. सहसंरक्षक :** सांस्कृतिक प्रतिष्ठानको सहसंरक्षक नगरपालिकाका उपप्रमुख हुनेछ ।

**१५. कुलपति :**

(१) कुलपति सांस्कृतिक प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

(२) कुलपतिको नियुक्ति : दफा १२ बमोजिम गठित सिफारिस समितिको सिफारिसमा नगर प्रमुखले प्रतिष्ठानको कुलपति नियुक्ति गर्नेछ ।

(३) कुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रज्ञासभाले दिएको निर्देशन तथा प्राज्ञपरिषद्ले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने ।

(ख) वार्षिक कार्यक्रम, बजेट र प्रतिवेदन तयार गर्ने गराउने ।

(ग) स्वदेशी तथा विदेशी सङ्घसंस्थाहरूसँग सांस्कृतिक प्रतिष्ठानका तर्फबाट प्रतिनिधित्व गर्दै सम्पर्क एवम् समन्वय गर्ने र गराउने ।

(घ) प्रतिष्ठानको हितमा तत्काल कुनै निर्णय लिई कार्यान्वयन गर्नुपर्ने भएमा प्राज्ञसभाबाट पछि अनुमोदन गराउने गरी प्रक्रिया अगाडि बढाउन सक्ने ।

(ङ) तोकिएबमोजिमका अन्य काम गर्ने ।

**१६. उपकुलपति :**

(१) उपकुलपति सांस्कृतिक प्रतिष्ठानको उपाध्यक्षका रूपमा पदाधिकारी हुनेछन् ।

(२) कुलपतिको अनुपस्थितिमा कुलपतिका काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

(३) कुलपतिको निर्देशनमा अन्य काम गर्ने ।

**१७. प्राज्ञसभा सदस्य :**

(१) सांस्कृतिक प्रतिष्ठानको उद्देश्यपूर्तिका लागि दफा ७ (२) बमोजिमको प्राज्ञसभाको गठन गरिनेछ ।

(२) दफा १२ बमोजिम गठित सिफारिस समितिको सिफारिसमध्येबाट प्राज्ञसभा सदस्यको नियुक्ति गरिनेछ ।

(३) प्राज्ञसभा सदस्यका काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१८. प्राज्ञपरिषद् सदस्य :**

(१) सांस्कृतिक प्रतिष्ठानको कामकारबाहीलाई व्यविस्थत ढङ्गले सञ्चालन गर्न दफा १२ बमोजिम प्राज्ञपरिषद् सदस्य तोकिनेछ ।

(२) प्राज्ञपरिषद्को कामकर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१९. सदस्य-सचिव :**

(१) सांस्कृतिक प्रतिष्ठानको कामकारबाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नगरपालिकाले दफा १२ अनुसार तोकेबमोजिमका कर्मचारी सदस्य-सचिव हुनेछ ।

(२) सदस्य-सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२०. पद रिक्त हुने :** देहायका अवस्थामा प्रतिष्ठानका कुलपति, उपकुलपति, प्राज्ञसभाका सदस्य तथा प्राज्ञपरिषद्का सदस्यहरूको पद रिक्त मानिनेछ :

(क) निजको पदावधि समाप्त भएमा ।

(ख) निजले राजिनामा दिएमा ।

(ग) निजको मानसिक सन्तुलन ठिक नभएमा ।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) निजको मृत्यु भएमा ।

**२१. पदबाट हटाउन सक्ने :**

(१) प्रतिष्ठानका कुलपति, प्राज्ञसभा तथा प्राज्ञपरिषद्का मनोनीत सदस्यले यस ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पदअनुकूलको आचरण नदेखाएको वा

इमानदारीपूर्वक कार्यसम्पादन नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई प्राज्ञसभामा तत्काल कायम रहेका कम्तीमा एकचौथाई सदस्यले प्रमुख संरक्षकसमक्ष लिखित निवेदन दिएमा प्रमुख संरक्षकले एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सोसम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन प्रमुख संरक्षकसमक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा प्रमुख संरक्षकले हटाउन सक्नेछ।

(४) प्रतिष्ठानका कुलपति, उपकुलपति, प्राज्ञसभाका सदस्य, सदस्य-सचिव तथा प्राज्ञपरिषद्का सदस्यलाई पदबाट हटाउनुअघि सफाइको मौका दिनुपर्नेछ।

**२२. सचिवालय :**

(१) प्रतिष्ठानको सचिवालय दफा ३(२) बमोजिम कार्यालय रहेको स्थानमा रहनेछ।

(२) सांस्कृतिक प्रतिष्ठानको सम्पर्क/समन्वय शाखाको रूपमा सदस्य-सचिव वा तोकिएका प्राज्ञपरिषद् सदस्यहरूका कार्यकक्ष रहनेछन्।

(३) सचिवालयमा प्रतिष्ठानका सदस्य-सचिव र आवश्यकताअनुसार अन्य कर्मचारीहरू रहन सक्नेछन्।

(४) सांस्कृतिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन प्राज्ञसभाबाट पारित भएपछि सदस्य-सचिवद्वारा नगरकार्यपालिकामार्फत नगरसभामा पेस गरिनेछ।

**२३. कोष तथा लेखा परीक्षक :**

सांस्कृतिक प्रतिष्ठानको कोष तथा लेखा सञ्चालन देहायबमोजिम हुनेछ :

(१) सांस्कृतिक प्रतिष्ठानबाट प्रस्तावित वार्षिक बजेट प्राज्ञसभाबाट पारित गरी कार्यान्वयनमा ल्याइनेछ।

(२) सांस्कृतिक प्रतिष्ठानले आफ्नो स्वायत्त खातालाई कुलपति, सदस्यसचिव र प्राज्ञपरिषद् सदस्यमध्येबाट एक जनासहित तीन जनामध्ये सदस्य सचिवको दस्तखत अनिवार्य रहने गरी तिन जनाको संयुक्त दस्तखतबाट सञ्चालन गर्नेछ।

(३) सांस्कृतिक प्रतिष्ठानले आम्दानी गरेको रकम कार्यपालिकाले तोकेको बैंकमा खोल्नु पर्नेछ।

(४) एकपटकमा रु. एक करोड भन्दा बढी रकम खर्च गर्नुपरेमा नगर कार्यपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(५) प्रतिष्ठानले स्वआर्जनका लागि नगरकार्यपालिकाको स्वीकृति लिई प्रचलित कानून विपरित नहुने गरी आवश्यक विभिन्नस्रोतहरू परिचालन गर्नेछ।

(६) प्रतिष्ठाको लेखाको अन्तरिम लेखा परिक्षण नगरपालिकाबाट र अन्तिम लेखा परिक्षण महालेखा परिक्षण हुनेछ।

(७) आन्तरिक लेखा प्रणाली व्यवस्थित गर्ने काम प्रज्ञा परिषदको हुनेछ।

## परिच्छेद ५
## विविध

**२४. शपथः** प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्य-सचिव, प्राज्ञसभा तथा प्राज्ञपरिषदका मनोनीत सदस्यहरूले अनुसूची १ बमोजिम प्रमुख संरक्षकसमक्ष सपथ लिनुपर्नेछ ।

२५. **सेवा, सर्त र सुविधा :** प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्य-सचिव, प्राज्ञसभाका सदस्य तथा प्राज्ञपरिषद्का सदस्यहरूको पारिश्रमिक, सेवासर्त र सुविधा तोकिएबमोजिम हुनेछ ।

२६. सांस्कृतिक प्रतिष्ठानले मापदण्ड निर्धारण गरी नगरपालिका क्षेत्रका कला-संस्कृति, भाषा-साहित्य, दर्शन, सङ्गीत, लोकसाहित्य वा लोकवार्ता, पर्यावरण संरक्षण तथा प्राज्ञिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई ऐनबमोजिम विशिष्ट तथा आजीवन सदस्यता उपलब्ध गराउन सक्नेछ ।

२७. सांस्कृतिक प्रतिष्ठानले छुट्टै प्रतीकचिन्ह/लोगो, लेटरप्याड, छाप तथा विद्युतीय सञ्जालको प्रयोग तोकिए बमोजिम गर्नेछ ।

२८. सांस्कृतिक प्रतिष्ठानको उद्देश्य कार्यान्वयन गर्न आवश्यकताअनुसार नियमावली, कार्यविधि, निर्देशिका मापदण्ड नगर कार्यपालिकाले  बनाई लागू गर्न सक्नेछ ।

२९. प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।
कोषमा देहायको रकम रहनेछन् ।
क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट प्राप्त रकम ।
ख) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम
ग) स्वदेशी संघ संस्था वा
घ) कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम
ङ) अनय श्रोतबाट प्राप्त रकम
च) खण्ड ख बमोजिम रकम मात्र, नेपाल सरकारको स्वीकृत लिनुपर्नेछ ।

३०. **प्रतिवेदन पेश गर्नुपर्नेः** प्रतिष्ठानले प्रत्येक वर्ष आफुले गरेको कामको बार्षिक प्रतिवेदन नगरसभामा पेश गर्नुपर्नेछ ।

## अनुसूची १

(दफा २० सँग सम्बन्धित)

**सपथ**

म.........................................................सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु ईश्वर, देश र जनताको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता सम्पन्न जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठानको ..................पदको कामकाज प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम थर : ......................................... दस्तखत : .............................

पद :

मिति :

प्रमाणिकरण मिति २०८०।९।२२

आज्ञाले,

तुल्सीराम अर्याल

**प्रमुख प्रशासकीय अधिकृत**